# आर्थिक वर्ष २०८१।०८२ को

# कार्यक्रम तथा बजेट

## डिलासैनी गाँउपालिका

**बैतडी जिल्ला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

डिलासैनी गाँउपालिका

**डिलासैनी गाँउपालिकाको तेह्रौं गाँउसभाको सभाध्यक्ष,**

**विशिष्ट अथितिहरु, अथितिगण,**

**गाँउसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु तथा**

**उपस्थित सम्पूर्ण महानुभावहरु ।**

नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्न, सघींय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तिय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न यस डिलासैनी गाँउपालिकामा गाँउ सभाको गठन भएको ७ वर्ष पुरा भइ ८ वर्षको शुरुवाति अवस्था छ । सार्वभौमसत्ता सम्पन्न यस गाँउपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाँउपालिकाको आर्थिक वर्ष २०८१।०८२ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म निकै हर्षीत भएको छु ।

आ.ब. ०८१/०८२ को बजेट प्रस्तुत गरिरहँदा मुलुकलाई यो अवस्था सम्म ल्याई पुऱ्याउन हुने जनआन्दोलन तथा संघर्षको क्रममा सहादत हुनु भएका सम्पूर्ण महान शहिदप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्न चाहान्छु ।

संघीयता र स्थानीय सरकार मार्फत **घर घरमा अधिकार, गाँउ गाँउमा सिंहदरबार** जस्ता सिद्धान्तलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो तहलाई अधिकारसम्पन्न बनाउने प्रयास स्वागतयोग्य रहेको छ । नेपालमा राजनैतिक परिवर्तनका विभिन्न कालखण्डहरु पारगर्दै संसारकै उच्चतम स्थानीय स्वायत्तताको अवस्थामा छौं । कुनै पनि व्यवस्था भन्दा व्यवहार र क्षमता ठूलो रहेछ भन्ने सिद्धान्त स्थापित हुँदै गएको छ । हामीलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान २०७२ को निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नु हुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

## आदरणीय गाँउसभा अध्यक्ष तथा सदस्य ज्यूहरु

डिलासैनी गाँउपालिकाको उपाध्यक्षको हैसियतले म यस गाँउपालिकाको पन्ध्रौ गाँउ सभा समक्ष आर्थिक वर्ष २०८१।०८२ को अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

संविधान कार्यान्वयनका क्रममा तीनै तहका निर्वाचन सम्मन्न भएपछि देश अब राजनीतिक संक्रमणबाट क्रमशः आर्थिक समृद्धि तर्फ उन्मुख भएको सन्दर्भमा डिलासैनी गाँउपालिकाको विकास र

डिलासैनी गाँउपालिका

संमृद्धिका लागि आर्थिक वर्ष २०८१।०८२ मा पारित भएको नीति कार्यक्रम पन्धौ गाँउ सभाबाट पारित गरी सुशासन र समृद्धिको महान यात्रा तय गर्ने क्रममा हामी जुटिरहेका छौं ।

नागरिकहरु विकासको व्यग्र प्रतिक्षामा छन् । समुन्नत नेपाल सवै नेपालीको एकमात्र सपना भएको छ । देश विकास हुन गाँउको विकास आवश्यक छ । संघीयता कार्यान्वयन र लोकतन्त्र संस्थागत हुनाको साथै आफ्नो गाँउको विकासमा नागरिकहरु प्रत्यक्ष संलग्न हुने अवसरको रुपमा स्थानीय तहको निर्वाचन भई जननिर्वाचित प्रतिनिधिको उपस्थिति भएको छ । विकासका लागि यसलाई अवसरका रुपमा लिएको छु ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले विकासको प्रवल सम्भावना रहेता पनि द्रुत विकासका लागि हाम्रा सामु केही चुनौतिहरु विद्यमान छन् ।

राज्यको पुनर्सरचनासंगै स्थानीय तह निर्माण त भएको छ तर संस्थागत संरचनाहरुको पूर्णताको लागि भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन जस्ता विषयहरु, विषयगत क्षेत्रका कार्यालयको उपस्थिति र जनशक्ति त्यसका लागि भौतिक पूर्वाधारको अभाव रहनुका बाबजुत छिटो छरीतो रुपमा सेवा प्रवाह गर्नु ,

विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याई विकास निर्माण प्रक्रियामा उनीहरुको अपनत्व अनुभुति गराउनु, कृषि क्षेत्रको व्यवसायीकरण तथा विविधिकरण सहित आधुनिकीकरण गरी उत्पादशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्धारा रोजगारी सिर्जना गर्ने,

सुशासन प्रवर्द्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन क्षेत्रका नयाँ गन्तब्यहरु पहिचान गर्दै पर्यटनलाई आम जनजीवनको अभिन्न अंगको रुपमा विकास तथा प्रवर्द्धन गर्ने कृषि पर्यटनसँग आवद्धता गर्ने, जलवायु अनुकूलन कायम राखी वातावरणीय सन्तुलन कायम राख्ने,

भौतिक पूर्वाधारको विकासमा लगानी बृद्धि गर्ने तथा दिगो विकासलाई आत्मासाथ गर्ने, औद्योगिक क्षेत्रलाई मर्यादित र सुरक्षित गर्ने, सामाजिक विकासलाई संस्थागत गरी सन्तुलित वितरण र समावेशी विकास गरि विकासको प्रतिफल हासिल गर्ने,

- आन्तरिक आयलाई दीगो, भरपर्दो र अनुमानयोग्य बनाउने लगायतका चुनौतिहरु हाम्रा सामु विद्यमान छन् ।अहिले आएर प्रत्येक स्थानीय तहमा विकास निर्माणका आयोजनाहरु तिब्र रुपमा अघि बढेरहेका छन् । जसले गर्दा स्थानीय तहहरु एक अर्कोमा प्रतिस्पर्धि भएका छन् ।
- गाँउ बस्तिका युवाहरु विदेशिएका छन् त्यसैले विकास निर्माणका कार्यहरुमा युवाहरुको संलग्नता कम हुनु ।
- संस्थागत क्षमताको कमी, जनशक्तिको अभाव, अनुभवको कमी र जनताले स्थानीय सरकार प्रती गरेका ठुलो आशा र भरोशा विच सन्तुलन ल्याउनु ।
- स्थानीय स्रोतका परिचालन तथा राजश्व संकलन
- स्थानीय तहमा भएको पुनरसंचना अनुरुपको संस्थागत र कानुनी व्यवस्थाका

- परम्परागत रुपमा रहेको कृषि प्रणालीको रुपान्तरण
- शिक्षा नीतिको कार्यान्वयन
- विपद व्यवस्थापन
- भौगोलिक विकटता
- सामाजिक बिकृति, विसंगति र अन्धविश्वास

उल्लेखित चुनौतिहरुका बावजुत डिलासैनी गाँउपालिकाका सामु तपसिल बमोजिमका अवसरहरु रहेका छन् ।

- निर्वाचित जनप्रतिनिधिहरुको वहाली, केन्द्र मातहतको स्थानीय निकायबाट संवैधानिक स्थानीय सरकारको रुपमा वित्तीय हस्तान्तरणको व्यवस्था,
- स्थानीय स्तरमै सेवाप्रवाह हुनेगरी घरदैलोमा सरकारी सेवा सुविधा पुग्ने गरी संरचनात्मक परिवर्तन,
- नागरिकहरुमा आएको उत्साह र जनप्रतिनिधिहरुको प्रतिवद्धता,
- सूचना र प्रविधिमा आएको विकास एवं जैविक विविधता र पर्यावरणीय अनुकुलता, डिलासैनी गाँउपालिकाका सचेत नागरिक,
- उत्पादनशील कृषि भूमि, बजार केन्द्रहरुसँगको सहज पहुँच, नवीकरणीय उर्जाको प्रचुर सम्भावना,
- यस गाँउपालिकामा रहेको देउभ्फाडी पर्यटन विकास, डिलासैनी मन्दिर, कफलासैनी मन्दिर, दुर्गा भवानि मन्दिर खुमट, समैजी मन्दिर गन्ना, खुमट गुफाजस्ता पर्यटन क्षेत्रको विकासको अवसर आदि प्रचुर सम्भावनाहरु पनि हाम्रो सामु रहेका छन् ।

**आदरणीय गाँउसभा अध्यक्ष**

## १. आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम

**सभाध्यक्ष महोदय,**

अब म यस डिलासैनी गाँउपालिकाको आर्थिक वर्ष २०८१।०८२ को **बजेट तथा कार्यक्रम** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सोच, लक्ष्य, उद्देश्य र अपेक्षा

राष्ट्रले अंगिकार गरेका समृद्ध नेपाल र सुखि नेपालीको दिर्घकालिन लक्ष्य, सन २०३० सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकमा पुर्याउने लक्ष्य, सन २०३० सम्ममा दिगो विकास हासिल गर्ने विश्वव्यापी लक्ष्यहरु हासिल गर्ने राष्टिय प्रतिवद्धतालाई मुर्त रुप दिनु स्थानीय सरकारको पनि प्रमुख भुमिका हुने भएकोले उपयुक्त स्थानीय नीति तथा कार्यक्रम मार्फत राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धता प्राप्तिमा सघाउ

पुर्याउदै यस गाँउपालिकालाइ **समृद्ध गाँउ र सुखि नागरिक** बनाउने दिर्घकालिन सोच र लक्ष्यका साथ आगामी नीती ,वजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

२.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा कार्यक्रम

२.२.१ समग्रमा नीति तथा आधारहरु आधारभुत कृषि तथा पशुजन्य उत्पादनमा गाँउलाई आत्मनिर्भर बनाउने, शिक्षा, स्वास्थ्य , खानेपानी तथा सरसफाई जस्ता सामाजिक सेवाहरुको गुणस्तर अभिवृद्धि तथा पहुचँ सुधार मार्फत मानव विकासमा योगदान पुर्‍याउने , साना तथा लघु उद्धम विकास मार्फत गाँउबासीहरुको श्रम सीप पूँजीको परिचालन गरि आर्थिक समृद्धि हासिल गर्ने, वातावरणमैत्री तथा गुणस्तरीय सडक संजालको निर्माण तथा स्तरोन्ती मार्फत स्थानीय उत्पालनलाई स्थानीय बजारसंग जोड्ने तथा पहुच विस्तार गरिने छ । पर्यटकीय गन्तव्यहरुको विकास, विस्तार तथा प्रवर्द्धन गरी प्राकृतिक, धार्मिक एवं सास्कृतिक पर्यटन मार्फत यस क्षेत्रको समृद्धि हासिल गर्ने दिर्घकालिन सोचाईको जगमा आगामी आ.वा ०८१।०८२ को लागी प्रस्तावित नीति तथा कार्यक्रमहरु आधारित रहेकाछन् ।

- सामाजिक, आर्थिक, सांस्कृतिक रुपले सम्पन्न सुव्यवस्थित गाँउपालिका बनाउने,
- डिलासैनीका सम्पूर्ण वडाहरुमा सडक, खानेपानी, विद्युत पुर्‍याउनुका साथै समतामुलक तथा समावेशिकरण विकास गर्ने,
- सामाजिक सुरक्षा कार्यक्रमलाई विद्यतीय भुक्तानी प्रणाली युक्त बनाउने,
- पञ्जिकरण कार्यलाई पूर्ण रुपमा online मा आधारित बनाउने ।

१ विकास कार्यक्रमहरु संचालन गर्न केन्द्रीय अनुदान निर्भरताले मात्र हाम्रा आवश्यकतालाई परिपुर्ति हुने सक्ने देखिदैन यसको लागि भरपर्दो आन्तरीक श्रोतका क्षेत्रहरु पहिचान गर्नुपर्ने देखिन्छ । गाँउपालिकाको आन्तरीक श्रोत प्रर्वद्धन हुने क्षेत्र पहिचान गर्न सरोकारवालाहरुसंग समेतको छलफलबाट राजश्व परामर्श समितिको सिफारीसमा राजश्व संकलन हुने केही क्षेत्र पहिचान गरिएका छन् । करलाई नागरिक दायित्वको रुपमा विकास गर्दै आगामी दिनमा यसको दर भन्दा दायरा लाई फराकिलो बनाई वैज्ञानिक कर प्रणाली कार्यान्वयनका लागि विज्ञहरुवाट राजस्व प्रक्षेपण गराई दीगो श्रोतको रुपमा उपयोग गरिनेछ ।

२ अवका दिनमा डिलासैनी गाँउपालिकाको स्थानीय सरकारले यस गाँउपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने, पिछडीएको, पछाडि पारिएको वर्ग, समुदाय तथा क्षेत्रको उत्थान तथा मूल प्रवाहिकरण हुने खालका योजना तर्जुमा गर्ने, सहभागितामूलक योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो तथा हावापानी सुहाउँदो कार्यक्रम एवं विकासका गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ ।

३ जनताले लामो समयपछि स्थानीय तहमा जनप्रतिनिधिहरु पाएसगै जनअपेक्षा ठूलो रहेको छ । जनताको यीनै अपेक्षाहरुको सम्बोधन गर्न शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, र सडक निर्माण, बैज्ञानिक कृषि

प्रणाली, कृषिको व्यवसायिकरण र व्यापारिकरण मार्फत गरिबी न्यूनिकरण गर्ने, वृक्षरोपणको माध्यमबाट वनक्षेत्रको बृद्धि गरी जलवायु परिवर्तनको असर कम गर्न **सुखी र समृद्ध डिलासैनी गाउँपालिकाको आधार, व्यवसायिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार** यस गाँउपालिकाको समृद्धिका आधार भन्ने लक्ष्यका साथ तयार गरिएको यो बजेटको उद्देश्य निम्नानुसार प्रस्तुत गर्दछु ।

- आर्थिक क्षेत्रको विकास मार्फत आर्थिक समृद्धिको हासिलमा अग्रसर हुनका लागि रैथाने जातका उत्पादनहरुमा बढावा दिइनेछ ।
- द्रुत आर्थिक विकासको राष्ट्रिय लक्ष्यमा सहभागि हुने ।
- राजनैतिक परिवर्तन, संघीयता र स्थानीय सरकारलाई संस्थागत गर्ने ।
-सबै प्रकारका विभेदहरुको अन्त्य गरी न्यायपूर्ण समाजको निर्माण गर्ने ।
-**दिगो सडक हाम्रो विकास** भन्ने नारा लिई भौगोलिक विकटता, जनसंख्या र लागत प्रतिफलको आधारमा सडक निर्माण गर्ने ।

**सभाध्यक्ष महोदय,**

अब म आ.व. २०८१।०८२ को कुल बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

आ.व. २०८१।०८२ मा सामाजिक सुरक्षा सहित कुल बजेट रु ६०,८३,४०,०००।०० (साठी करोड त्रियासी लाख चालिस हजार )प्रक्षेपण गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अव म आ.व. २०८१।०८२ को विषय क्षेत्रगत रुपमा बजेटको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास तर्फः

आर्थिक विकासको महत्वपूर्ण आधार आर्थिक क्रियाकलाप हो । नयाँ संरचना निर्माण सँगै यस क्षेत्रको आर्थिक क्रियाकलापहरुमा उल्लेख्य बृद्धि हुने निश्चित छ । कृषि तथा अन्य गैर कृषि जन्य उत्पादन बृद्धि गर्न विषादि मुक्त प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि मार्फत दिगो आर्थिक विकास हासिल गर्ने नीति लिईनेछ । कृषि तथा पशुपालनलाई व्यवसायिकरण तर्फ उन्मुख गराउन पहल गरिनेछ । आर्थिक विकासतर्फ रु. १,००,००,०००।- (एक करोड मात्र ) बजेट विनियोजन गरिएको छ ।

डिलासैनी गाउँपालिका

## सामाजिक विकास तर्फः

### शिक्षा क्षेत्रतर्फः

४ सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापन तथा परिचालनका लागि रु. २३,९९,९२,०००।- (त्याइस करोड उनानसय लाख बयानब्बे हजार मात्र ) विनियोजन गरिएको छ ।

### स्वास्थ्य तर्फः

स्वास्थ्य सेवा तर्फका सबै नीति कार्यक्रम कार्यान्वयनका लागि ३,५०,६०,०००।(तीन करोड पचास लाख साठी हजार) विनियोजन गरेको छु ।

## खानेपानी तथा तर्फः

५ यस गाँउपालिकाभित्रका विभिन्न खानेपानी योजनाहरुको संचालन, खानेपानीको गुणस्तर सुधारका लागि रणनैतिक योजना तयार गरिनेछ । खानेपानी तर्फको योजना कार्यान्वयनका लागि ४,४५,००,०००।(चार करोड पैचालिस लाख)बजेट विनियोजन गरिएको छ ।

## खेलकुद तर्फः

६ गाँउपालिका स्तरको अध्यक्ष कप र राष्टपति रनिङ शिल्ड संचालनका लागि आवश्यक आवश्यक बजेट विनियोजन गरेको छु ।

७ प्रत्येक वडामा वडास्तरीय वार्ड खेल मैदान क्रमशः निर्माण गर्ने नीति अनुरुप खेलकुद तर्फको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

### लैंगिक समानता तथा सामाजिक शसक्तिकरण तर्फः

८ बालमैत्री शासनको प्रवर्द्धनमा जोड दिइ विविध कार्यक्रमको माध्यम बाट बालविवाह न्युनिकरणमा बिशेष पहल गर्न तथा लैगिंक समानता तथा समावेशीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९ गाउँपालिका भरिका शहिद पारिवारहरुलाई सम्मान स्वरुप मासिक रु. ३,०००।(तीन हजार मात्र ।) का दरले हुन आउने आवश्यक रकम विनियोजन गरेको छु ।

## पूर्वाधार विकासतर्फः

१० ठूला आयोजनाहरुको Pre-Feassibility गर्ने कार्यको थालनी गरिनेछ यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११ सुरक्षित तथा व्यवस्थित शहरी विकासमा जोड दिन नक्शा पास तथा अभिलेखिकरणलाई तिब्रता दिन नीतिगत व्यवस्था गरिनेछ । पूर्वाधार विकासका लागि रु. ५,५१,००,०००।- (रु. पाँच करोड एक्काउन्न लाख मात्र) विनियोजन गरेको छु ।

**सडक तर्फः**

१२ ट्र्याक खोल्ने कार्यलाई निरन्तरता दिदै खोलिएका ट्र्याकहरुलाई स्तरोन्नति गर्दै लगिनेछ । पर्यटकिय सडक तथा दुई जिल्ला जोड्ने सडकलाई प्राथमिकता दिइनेछ । सो कार्य संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सिचाई तर्फः**

१३ कृषियोग्य जमिनको अधिकतम सदुपयोग गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**विद्युत तर्फः**

१४ केन्द्रिय विद्युत लाइन प्रसारणका लागि सम्बन्धित निकायसम्म पहल गरिनेछ भने लघु विद्युत आयोजनाहरु राष्ट्रिय प्रसाराण लाइनसँग जोड्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**भवन तर्फः**

१५ आ.ब. २०८१।०८२ देखि भूकम्प प्रतिरोधी घरहरु बनाई सूरक्षित आवासको थालनी गरिनेछ । यसका लागि नक्सा पास गरी घर बनाउने कार्यको थालनी गरिनेछ । निर्माण भइसकेका घरहरुलाई सूचिकृत गर्ने नीति लिइनेछ । दक्ष मिस्त्रीहरु उत्पादन गर्न तालिम कार्यलाई प्राथमिकता दिइनेछ । गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**वातावरणीय क्षेत्रतर्फः**

१६ वातावरण मैत्री स्थानीय शासन अबलम्बन गर्ने नीति लिइनेछ ।हरियाली गाँउ निर्माण गर्न सामुदायिक वनलाई प्रोत्साहन का लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

१७ उत्कृष्ट सामुदायिक वनलाई पुरष्कृत गर्ने निति लिइएको छ । नर्सरी निर्माण, खालि ठाउमा वृक्षारोपण गर्ने निति लिइएको छ ।वातावरण विनास, प्रदुषण, भू–क्षय, प्राकृतिक प्रकोप लाई न्यूनिकरण गर्ने आवश्यक पहल गरिनेछ ।

१८ डिलासैनी गाँउपालिकालाई हराभरा बनाइ पर्यटन प्रवर्धन गर्न एक घर एक विरुवा वृक्षारोपण अभियान संचालन गर्ने निति लिइएको छ ।

१९ समग्रमा बातावरण तथा विपद व्यवस्थापन तर्फको लागि रु १,०५,००,०००।०० (एक करोड पाँच लाख) बजेट विनियोजन गरिएको छ ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन र वित्तिय व्यवस्था

### राजश्व तर्फः

२० स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आ.व. ०८१।०८२ देखि एकिकृत सम्पति कर लागु गर्ने निति लिइनेछ ।

२१ सार्वजनिक सुनुवाइ, आय व्यय सार्वजनिकिकरण, लेखापरिक्षण प्रणालीलाइ प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

२२ यस गाँउपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्यसम्पादन अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाँउपालिकाको निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । राम्रो काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिने तथा नराम्रो काम गर्ने कर्मचारीहरुलाई निरुत्साहन गर्ने व्यवस्था मिलाईनेछ । यसका लागि कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु संचालनमा ल्याइनेछ । गाँउपालिकाभित्र उत्कृष्ट कर्मचारी छनौट गरी पुरुष्कृत गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२३ आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै आ.ब. २०८१।०८२ लाई डिलासैनी गाँउपालिकाको **बजेट कार्यान्वयन वर्ष** को रुपमा मनाइनेछ । यसको लागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाँउपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

२४ स्थानीय तहका कर्मचारीहरुले अवकाश पछि प्राप्त गर्ने सुविधा व्यवस्थापनका लागि कर्मचारी कल्याणकारी कोष स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२५ गाउँपालिकामा कार्यरत कर्मचारीहरुका लागि योगदान आधारित सामाजिक सुरक्षा कोषका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२६ डिलासैनी गाँउपालिका लाइ आर्थिक रुपमा समृद्ध , दिगो शान्ती ,सुशासन , विकास र समृद्धी तर्फ अगाडी बढाउन संघिय सरकार,प्रदेश सरकार, संघसस्थाहरु, राजनितिक दलहरु तथा आम नागरिक संग सहकार्य समन्वय गर्ने निति लिइनेछ । संस्थागत विकास तथा सेवा प्रवाह र कार्यक्रम बाफत रु. १९,२८,८६,०००।०० -(उन्नाइस करोड अठ्ठाइस लाख छयासी हजार) विनियोजन गरिएको छ ।

२७ राजस्व परिचालनका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ । घर घरमा करको चर्चा गर्ने पद्धति विकास गरिनेछ । करदाता मैत्री करप्रणाली अवलम्बन गरिनेछ ।

**सूचना प्रविधि तर्फः**

२८ गाँउपालिकाले सञ्चालन गर्ने कामहरुलाई पारदर्शि र सर्व साधारणको पँहुचमा वृद्धि गर्ने उद्देश्यले एफ एम संचालन लगायत अन्य पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**ससर्त अनुदान तर्फ**ः

२९ संघ तथा प्रदेश सरकार वाट प्राप्त हुने ससर्त अनुदान कार्यकम निर्धारित समयमै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । साझेदारीमा संचालन गरिने कार्यकमहरुका लागि समपुरक कोषमा रु २,८०,००,०००।०० (दुई करोड पन्ध्र लाख) विनियोजन गरेको छु ।

**स्रोत व्यवस्थापनः**

आ.व. २०८१।०८२ मा नेपाल सरकारवाट प्राप्त वित्तिय समानिकरण अनुदान वापत रु ९,२१,००,०००।०० (अक्षरेपि रु नौ करोड एक्काइस लाख), ससर्त अनुदान वापत रु २१,६२,११,०००।०० (अक्षरेपि रु एकाइस करोड बाउन्न लाख एघार हजार), राजस्व बाँडफाँड वापत रु ९,४६,००,०००।०० ( अक्षरेपि रु नौ करोड छयालिस लाख) समपुरक अनुदान  बापत रु १,५०,००,०००।(अक्षरेपि रु एक करोड पचास लाख) विशेष अनुदान रु ३,२५,००,०००। (अक्षरेपि रु तीन करोड पच्चीस लाख) जेष्ठ नागरीक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रमका लागि लागि अनुमानित रु ११,५०,००,०००।०० (अक्षरेपि रु एघार करोड पचास लाख) संघीय सरकारको कोषबाट खर्च हुने गरी नेपाल सरकारबाट जम्मा रु ६०,८३,४०,०००।०० (अक्षरेपि रु साठी करोड तिरासी लाख चालिस हजार ) प्राप्त हुनेछ । त्यसै गरी सुदुर पश्चिम प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान रु ८०,७९,०००।०० (अक्षरेपि रु असी लाख उनासी हजार), सवारी सधान कर वापतको राजस्व बाँडफाँड बाट रु १५,००,०००।०० (अक्षरेपि रु पन्ध्र लाख), विशेष अनुदान बाट रु ५०,००,०००।०० (अक्षरेपि रु पचास लाख), प्रदेश सर्शत अनुदान बाट रु ९५,५०,०००।०० (अक्षरेपि रु पन्चानब्बे लाख पचास हजार) गरी सुदुरपश्चिम प्रदेश बाट जम्मा रु ३,३९,४२,०००।०० (अक्षरेपि रु तीन करोड उनचालिस लाख बयालिस हजार) प्राप्त हुनेछ । गाँउपालिका को आन्तरीक आम्दानिबाट रु ५०,००,०००।०० (अक्षरेपि रु पचास लाख) र चालु आ.व. बचत मौज्दत रकम रु १,६०,००,०००।०० (अक्षरेपि रु पचास लाख ) प्राप्त हुनेछ   र रोयल्टी बापत रु २०,००,०००।(बीस लाख) प्राप्त हुनेछ । यसरी गाँउपालिकाको आ.व.०८१।०८२ को वार्षिक कुल आय सामाजिक सुरक्षा बाहेक रु ५०,२३,४०,०००।०० (अक्षरेपि रु पचास करोड त्याइस लाख चालिस हजार) र सामाजिक सुरक्षा सहित रु. ६१,७३,४०,०००।(अक्षरेपि रु एकसाठी  करोड त्रिहत्तर लाख चालिस हजार मात्र) रहने अनुमान गरेको छु ।

**अन्त्यमा,**

प्रस्तुत आर्थिक बर्ष ०८१।०८२ को बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने गाँउ प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाँउसभा सदस्यज्यूहरु, विज्ञज्यूहरु, राजनितिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, निजि क्षेत्र लगायत गाँउवासी दाजुभाई तथा दिदीबहिनीहरु एवम् अहोरात्र खटिने राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेट कार्यान्वयनको लागि सबैको सहयोगको अपेक्षा गर्दछु ।

**धन्यबाद**

**प्रस्तुतकर्ताः**
भागीरथ बोहरा
उपाध्यक्ष
डिलासैनी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
डिलासैनी, बैतडी

डिलासैनी गाउँपालिका